सन् २०२० जुन २६ तारिख
अध्यागमन बिभाग

अध्यागमन बिभागको अनुरोध

नयाँ कोरोना भाइरस रोग (COVID-१९) को संक्रमणलाई थप फैलिन नदिनको लागि अध्यागमन बिभागको काउन्टरमा हुन सक्ने भिडलाई कम गर्न यस बर्षको मार्च देखि जुलाई महिना सम्ममा भिसा अवधी सकिने महानुभावहरुको भिसा सम्बन्धी बिबिध आवेदनको बारेमा भिसा अवधी सकिने दिनबाट ३ महिना पछिसम्म आवेदन गर्न सकिने ब्यवस्था गरिएको छ ।

साथै, स्थायी बसोवास अनुमति (एइज्यु) को आवेदन दिने सोंचमा हुनु भएका महानुभावहरुले भिसा अवधी रहेसम्म जहिले पनि आवेदन दिन सकिने भएकोले अवस्थामा सुधार आई सामान्य भएपछि आवेदन दिनु हुन अनुरोध गरिन्छ ।

त्यसैगरी, भिसाको योग्यता प्रमाण-पत्र (सर्टिफ़िकेट अफ़ इलिजिबिलिटी) जारी भएका महानुभावहरुले पनि आफु रहेको राष्ट्र तथा क्षेत्रबाट जापान प्रबेशमा लगाईएको रोक नहटाईएको अवस्थामा बिशेष परिस्थिति रहेको भनी प्रमाणित भएका बाहेकको लागि जापान प्रवेशको अनुमति नहुने भएकोले भिसा योग्यताको प्रमाण-पत्र (सर्टिफ़िकेट अफ़ इलिजिबिलिटी) को आवेदन अहिलेको अवस्थामा सुधार आएपछि मात्र गर्नु हुन अनुरोध गरिन्छ ।

त्यस बाहेकका अवेदनको लागि पनि संक्रमणको फ़ैलावट रोकथामको लागि सकेसम्म बिभाग उपस्थित नभईदिनु हुन अनुरोध गर्दछौं ।